# दिनेशकुमार घिमिरे

[प्रमुख सचिव]



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मधेश प्रदेश, जनकपुर, नेपाल

# दिनेश कुमार घिमिरे

श्री दिनेश कुमार घिमिरेले आफ्नो निजामती सेवाको तेइस वर्षको अवधिमा नेपाल सरकारका विभिन्न निकायहरूमा प्रशासनिक नेतृत्व गर्नुका साथै राष्ट्रिय नीति तथा रणनीति निर्माणमा महत्वपूर्ण योगदान पुर्याउनु भएको छ। उहाँले आफ्नो सेवाको क्रममा देशका विभिन्न भागका विविधतायुक्त समाजमा सार्वजनिक सेवा प्रदान गरी आफ्नो क्षमता प्रदर्शन गर्नुभएको छ।

घिमिरेले नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव) को जिम्मेवारी २९ अगष्ट २०२३ मा सम्हाल्नु भएको थियो। त्यसपूर्व उहाँ २०७७ फागुनदेखि २०८० भदौसम्म चीनको छेन्दुस्थित नेपाली महावाणिज्यदूतावासमा महावाणिज्यदूतको पदमा कार्यरत हुनुहुन्थ्यो। उहाँ देशको महावाणिज्यदूतको भूमिकामा रहँदा द्विपक्षीय लगानी र व्यापार बढाउन विभिन्न लगानी तथा व्यापारिक मञ्चहरूमा सक्रिय रूपमा संलग्न हुनुभयो। त्यस हैसियतमा उहाँले नेपाल र जनवादी गणतन्त्र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध प्रबर्द्धनमा आफूलाई व्यस्त राख्नुभयो र नेपालको पर्यटन प्रवर्द्धन र जनता-जनताबीचको सम्बन्धलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो।

उहाँ २०७५ साल जेठदेखि २०७७ साल माघसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सहसचिवका रुपमा कार्यरत रहनुभयो। उक्त तीन वर्ष (२०७५—२०७७) को अवधिमा नेपाल सरकारको नीति तथा कार्यक्रम निर्माणमा पूर्ण रुपमा संलग्न हुनुभयो। उहाँको उत्कृष्ट कार्यसम्पादनको कदर गर्दै नेपाल सरकारले उहाँलाई आर्थिक वर्ष २०७५/७६ का लागि 'उत्कृष्ट निजामती सेवा पुरस्कार' प्रदान गरेको थियो।

प्रधानमन्त्री कार्यालयमा आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा उहाँले नेपालको सर्वोच्च कार्यकारी निकायको रूपमा रहेको मन्त्रिपरिषद्लाई सहयोग पुर्याउनुभयो। उहाँले निर्णय प्रक्रियालाई सहज बनाउन मन्त्रिपरिषद् समितिहरूका लागि पनि काम गर्नुभयो। संवैधानिक परिषद्लाई निर्णय गर्ने बाटो सहज बनाउन पनि उहाँले समान रूपमा सहयोग गर्नुभयो। सो अवधिमा उहाँले प्रस्तावहरू, कार्यसूचीहरू र निर्णयहरू तयार गर्न तथा कार्यवाहीको अभिलेख राख्न योगदान दिनुभयो। साथै संसदीय सुनुवाइ, नियुक्ति र संवैधानिक पदको अवकाशसम्बन्धी प्रारम्भिक कार्य सम्पादन गर्ने जिम्मेवारी उहाँको काँधमा थियो। यसबीच उहाँले मन्त्रालयहरूको गठन र परिवर्तन, मन्त्रीहरूको नियुक्ति, शपथ, पदभार ग्रहण, राजीनामा सम्बन्धी कार्यहरु सम्पादन गर्नुभयो। उहाँले सङ्घीय संसद्को अधिवेशन आह्वान र अधिवेशन अन्त्य गर्ने विषयमा पनि आफ्ना सहयोगी कार्यहरू गर्नुभयो। राजदूत र गैरआवासीय राजदूतको नियुक्ति, सिफारिस र सम्झौता; मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन स्थितिको अनुगमन र प्रतिवेदन; प्रधानमन्त्रीद्वारा हुने राजनीतिक नियुक्तिको प्रक्रियालाई सहयोग पुर्याउने कार्यहरू सम्पादन गर्नुभयो। सोही अवधिमा नेपाल सरकारको

तर्फबाट अन्तर्राष्ट्रिय प्रतिनिधित्व गर्ने सिलसिलामा उहाँ इजिप्ट (२०१९) र इजरायल (२०१९) को द्विपक्षीय बैठकको भ्रमणका क्रममा प्रतिनिधिमण्डलका सदस्य हुनुहुन्थ्यो। उहाँले व्यापार तथा मानव अधिकार मञ्च, जेनेभा (२०१९) मा समेत प्रतिनिधित्व गर्नुभएको थियो।

त्यसपूर्व घिमिरेले २०७३ साल चैतदेखि २०७५ बैशाखसम्म निर्वाचन आयोगमा काम गर्नुभयो। उहाँलाई निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको जिम्मेवारी दिइएको थियो। नेपालको नयाँ संविधान जारी भएलगत्तै २०७४ सालमा भएको पहिलो निर्वाचनका क्रममा उहाँले निर्वाचनको सञ्चालन गतिविधिलाई सफलतापूर्वक अघि बढाउनुभयो। उहाँले अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको गतिविधिलाई नियमन र सहजीकरण गर्न अन्तर्राष्ट्रिय पर्यवेक्षक एकाइको नेतृत्व पनि गर्नुभयो। यसका साथै उहाँले संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) को नेतृत्व पनि गर्नुभयो, उक्त केन्द्रले निर्वाचन प्रक्रियामा हुने जोखिम कम गर्न सूचना संकलन, प्रशोधन र विश्लेषण गर्ने गर्थ्यो। त्यसै अवधिमा मिडिया सेन्टर व्यवस्थापनको जिम्मेवारीमा रही जनतामा सूचनाको पहुँचलाई समृद्ध बनाउने कार्य गर्नुभयो। उहाँले लैङ्गिक तथा सामाजिक समावेशीकरण (जीईएसआई) एकाईको नेतृत्व गरी सम्पूर्ण निर्वाचन प्रक्रियामा समावेशी गतिविधिहरू सुनिश्चित गर्ने कार्य उत्साहपूर्वक कार्यान्वयन गर्नुभयो। उहाँले आफ्नो कर्तव्य कुशलतापूर्वक र प्रभावकारी रूपमा निर्वाह गरी विश्वसनीय निर्वाचन व्यवस्थापनको एक हिस्साको रूपमा आफूलाई प्रमाणित गर्नुभयो।

घिमिरे २०७१ पुसदेखि २०७३ फागुनसम्म नेपाल सरकारको उद्योग मन्त्रालयमा कार्यरत हुनुहुन्थ्यो। उहाँले नीति विश्लेषण महाशाखाको नेतृत्व गर्दै नेपाल सरकारलाई नीतिगत एवं रणनीतिगत निर्णय लिन र नेपालको औद्योगिक विकासलाई तीव्रता दिन सहयोग पुर्याउनु भयो। घिमिरेले औद्योगिक नीति कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमलाई तीव्रता दिने जिम्मेवारी पनि सँगसँगै निर्वाह गर्नुभयो। नीति विश्लेषण महाशाखा प्रमुखको हैसियतमा उहाँले नीति संवाद र व्यापार मञ्चहरूमा अध्यक्षता र प्रतिनिधित्व गर्नुभयो। जसले अन्ततः राष्ट्रिय औद्योगिक उत्पादकत्व बढाउन योगदान पुर्यायो। सो अवधिमा उहाँले संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (UNIDO) (डिसेम्बर २०१५, भियना), सार्वजनिक निजी संवाद (PPD) (मार्च २०१५, डेनमार्क), एसियाली उत्पादकता संगठन (APO) (२०१५-२०१७) जस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्नुभयो। उहाँले एक वर्षसम्म राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र (NPEDC) र हेटौडा सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समितिको अध्यक्षको थप जिम्मेवारी सम्हाल्नुभयो। साथै उहाँले राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, सीमान्तकृत श्रमिक उत्थान समिति, भूमिहीन किसान तथा मुक्त कमैया आयोगजस्ता सरकारी तथा अर्ध-सरकारी निकायमा सदस्यको रूपमा थप जिम्म्वारीको कार्य गर्नुभयो। त्यसबाहेक उहाँ २०७३ फागुनमा काठमाडौंमा भएको लगानी सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न सक्रिय हुनुहुन्थ्यो।

त्यसअघि घिमिरेले २०७० साल बैशाखदेखि २०७० साल असारसम्म क्षेत्रीय प्रशासकको पदमा रही

सुदूर पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायल र २०७० साल साउनदेखि २०७१ साल पुससम्म प्रमुख जिल्ला अधिकारीको पदमा रही जिल्ला प्रशासन कार्यालय सर्लाही तथा स्याङजामा जिम्मेवारी बहन गर्नुभयो। प्रमुख जिल्ला अधिकारीको भूमिकामा उहाँले उक्त जिल्लाहरूमा सेवा प्रवाह तथा विकास निर्माणका गतिविधिको अनुगमन र समन्वय, मानव अधिकारको संरक्षण गर्ने र भ्रष्टाचारजन्य गतिविधि रोक्ने कार्यहरू गर्नुभयो। २०७० साल मंसीरमा सम्पन्न संविधानसभाको निर्वाचनमा भयरहित वातावरण कायम गर्दै आफ्नो जिम्मेवारी पूरा गर्न सफल हुनुभयो। उक्त अवधिमा उहाँले शान्ति व्यवस्था कायम गर्ने, जनताको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्ने आफ्नो कर्तव्य इमानदारीपूर्वक पूरा गर्नुभयो।

त्यसपूर्व २०६८ साल जेठदेखि २०६९ फागुसम्म उहाँले वीरगन्ज उपमहानगरपालिकामा कार्यकारी अधिकृत र जिल्ला विकास समिति इलाममा स्थानीय विकास अधिकारीको जिम्मेवारी पूरा गर्नुभयो। निर्वाचित जनप्रतिनिधिहरू नरहँदाको विषम परिस्थतिमा उहाँले उक्त चुनौतीपूर्ण जिम्मेवारी ग्रहण गर्दै सेवाप्रवाहमा सुधार ल्याई नागरिकहरूको जीवनस्तर उन्नत बनाउने प्रयास गर्नुभयो। उहाँलाई एक सुधारवादी नेतृत्वकर्ताको रूपमा स्थानीय गैर-सरकारी संस्था, निजी क्षेत्र र नगरवासीद्वारा कदर गरिएको थियो।

उपयुक्त सार्वजनिक नीति निर्माण र कार्यान्वयन गरी जनअपेक्षा र शासन व्यवस्थाबीचको खाडल पुर्न घिमिरे उत्साहित हुनुहुन्छ।

घिमिरेले त्रिभुवन विश्वविद्यालयबाट २०६१ सालमा जनप्रशासन र २०५४ सालमा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर गर्नुभएको थियो। घिमिरेको जन्म २०३१ सालमा सुनसरीमा भएको थियो। घिमिरे र उनकी श्रीमती उर्मिला खतिवडाका एक छोरा हुनुहुन्छ।

https://www.dineshghimire.com.np